# पनौती नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ७ संख्या :२ मिति : २०८०/०४/०१

भाग-१

## पनौती नगरपालिकाको

## विनियोजन ऐन, २०८०

**प्रस्तावनाः** आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि पनौती नगरपालिकाको सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्न र खर्च गर्ने अधिकार दिन बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पनौती नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “पनौती नगरपालिका, काभ्रेपलान्चोकको विनियोजन ऐन, २०८०” रहेको छ ।

(२) यो ऐन संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त देहाय बमोजिम चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,५०,००,००,०००/- (अक्षेरुपी एक अरब पचास करोड मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम पनौती नगरपालिकाको सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा पनौती नगरपालिकाको सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त पनौती नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय ब्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थापनको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकम १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**(दफा २ संग सम्बन्धित)**

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शिर्षकको नाम | चालू खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | २५०००० | ६७५२७० | - | ९२५२७० |
| २ | | वडा समिति | १२००० | २५५०० | - | ३७५०० |
| ३ | | विषयगत शाखा | ४९८२३० | ३६००० | - | ५३४२३० |
| ४ | | ऋणको साँवा भुक्तानी | - | - | ३००० | ३००० |
| | | जम्मा रू. | ७६०२३० | ७३६७७० | ३००० | १५००००० |

आज्ञाले

प्रमाणीकरण मिति : २०८०/०३/३१

प्रणराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत